नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाडौं

## अत्यन्त जरुरी सूचना ।।।

यस समिति अन्तर्गत रहेका समस्याग्रस्त सहकारीहरुको वचतकर्ता तथा ऋणीको आपसी सहमतिमा यस समितिबाट वचत तथा ऋण मिलान गर्ने क्रममा विचौलिया तथा दलालहरुले वचतकर्ता तथा ऋणीहरुबाट अतिरिक्त रकम माग गरेको गुनासो समिति समक्ष आएको सन्दर्भमा समितिको गम्भिर ध्यानाकर्षण भएको छ । वचत र ऋण मिलान गर्दा कूल मिलान गर्नु पर्ने बचत रकमको १० (दश) प्रतिशत नगद रकम यस समितिको सम्बन्धित सहकारीको तोकिएको बैंक खातामा जम्मा गर्नुपर्ने निर्णय भए वाहेक अन्य कहि कसैलाई कुनैपनि व्यहोराले अतिरिक्त रकम तिर्नु बुझाउनु पर्दैन । यदि कोही कसैले सो उल्लेखित १० प्रतिशत रकम भन्दा बढी रकम माग गरी भए गरेको खण्डमा सम्बन्धित बचतकर्ताले सोझै यस समितिको कार्यालयमा उजुरी गर्नुहुन अनुरोध गरिन्छ । छानविन पश्चात उजुरीको व्यहोरा प्रमाणित भएमा यस्तो गैरकानूनी रकम माग गर्ने जो कोहीलाई कानून बमोजिम कारवाहीको प्रक्रियाको लागि सम्बन्धित निकायमा लेखी पठाउने सुरु गरिने व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

फोन नम्बरः- ०१-४७७१९९९/४७७१६८१/४७७०४७४/४७७०९३२

इमेलः- info.coopmc@gmail.com वेवसाइटः- www.coopmc.gov.np